आज मिति २०८२ साल माघ ७ गते बुधबारका दिन त्रिवेणी गाउँपालिका, सल्यानका अध्यक्ष श्री खिम बहादुर रावतज्यूको अध्यक्षता तपसिलका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा गाउँपालिका स्तरीय योजना/कार्यक्रमहरुको दोस्रो त्रैमासिक समीक्षा कार्यक्रम सम्पन्न गरियो ।

**उपस्थिति**

| क.सं. | नाम थर | पद | कार्यालय/शाखा | दस्तखत |
|---|---|---|---|---|
| १ | खिम बहादुर रावत | अध्यक्ष | त्रिवेणी गाउँपालिका | |
| २ | सीता खड्का पुन | उपाध्यक्ष | त्रिवेणी गाउँपालिका | |
| ३ | खुम बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | त्रिवेणी गाउँपालिका | |
| ४ | छविराज शर्मा | प्रवक्ता/वडा अध्यक्ष | ४ नं.वडा कार्यालय | |
| ५ | दल बहादुर बस्नेत | १ वडा अध्यक्ष | १ नं.वडा कार्यालय | |
| ६ | हस्त बहादुर रामजा | २ वडा अध्यक्ष | २ नं.वडा कार्यालय | |
| ७ | कर्णदेव डाँगी | ३ वडा अध्यक्ष | ३ नं.वडा कार्यालय | |
| ८ | विमल रावत | ५ वडा अध्यक्ष | ५ नं.वडा कार्यालय | |
| ९ | मनोज शाह | ६ वडा अध्यक्ष | ६ नं.वडा कार्यालय | |
| १० | अमृता बि.क. | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | |
| ११ | पार्वती बि.क.दलामे | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | पार्वती |
| १२ | रत्न कुमारी बोहरा | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | रत्न |
| १३ | तुलसी रावत | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | तुलसी |
| १४ | तुलाराम सुनार | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | |
| १५ | हिरालाल परियार | का.पा.सदस्य | त्रिवेणी गाउँपालिका | हिरालाल |
| १६ | तिलक बहादुर रावत | शा.अ. | क.प्र. | |
| १७ | मिना पुन | पशु चिकित्सक | पशु सेवा शाखा | |
| १८ | बसन्ता ओली | महिला विकास ~~शाखा~~ निरीक्षक | म.ब.बा. शाखा | |
| १९ | लक्ष्मी रावत | उद्यम विकास सहजकर्ता | उ.वि. शाखा | |
| २० | सबिना ओली | फिल्ड सहायक | पञ्जीकरण शाखा | |
| २१ | सुसन गौतम | कृषि विकास अधिकृत | कृषि विकास शाखा | |
| २२ | लक्ष्मी चन्द बखाल | कृषि अधिकृत | कृषि विकास शाखा | |
| २३ | सन्तोष सापकोटा | लेखा अधिकृत | आ.प्र. शाखा | |
| २४ | प्रभात कुमार [illegible] | स्वा. शाखा प्रमुख | स्वास्थ्य शाखा | |
| २५ | बसन्त रावत | पशु सेवा अधिकृत | पशु सेवा शाखा | |
| २६ | पुष्पकोमल बली | वरिष्ठ लेखा अधिकृत | आ.प्र. शाखा | |
| २७ | माधव प्रसाद आचार्य | वरिष्ठ शिक्षा अधिकृत | शिक्षा शाखा | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २८ | इन्द्रलाल के.सी | ज.स्वा.अ | स्वास्थ्य शाखा | |
| २९ | दिपक गौतम | प्रशासकीय अधिकृत | जिन्सि शाखा | |
| ३० | शिवकान्त गोस्वामी | ईन्जिनियर | पू.वि.शा. | |
| ३१ | मोहित देवकोटा | रोजगार संयोजक | रोजगार शाखा | |
| ३२ | सरोज बोहरा | कृषि संयोजक | कृषि शाखा | |
| ३३ | मोहन ओली | आ.ले.प. | आ.ले.प. | |
| ३४ | दिपेश प्रधान | स्व.ते.अ. | स्व.ते.शाखा | |
| ३५ | सालिकराम रोका | प्रशासन सहायक | योजना शाखा | |
| ३६ | स्वस्तीका खड्का | भूमि आमीन | भूमि शाखा | |
| ३७ | प्रशान्त डाँगी | भूमि शाखा अमिन | भूमि शाखा | |
| ३८ | प्रतिमा भण्डारी | शि.प्र.सहजकर्ता | शिक्षा शाखा | |
| ३९ | निकिता शर्मा | बालविकास संयोजक | शिक्षा शाखा | |
| ४० | कृष्ण खत्री | का.स. | नि.के.? | |
| ४१ | गंगा बोहरा | | | गंगा |
| ४२ | डिलम्बर खड्का | " | " | |
| ४३ | बिमला बुढा | | | बिमला |
| ४४ | सन्तोष रेउले | | | |
| ४५ | युवराज बि.क | | | |
| ४६ | डानिल बि.क | न.प्र.०ज | | |
| ४७ | डम्बर खत्री | | | |
| ४८ | भिमला रेउले | | | |
| ४९ | गोमा बुढा | | | |
| ५० | बिमला महतारा खड्का | पोषण सहजकर्ता | स्वास्थ्य शाखा | |
| ५१ | अमर सिंह रावत | प.स.ई | प्राविधिक शाखा | |
| ५२ | अर्जुन बलाल | कृषि अधिकृत | कृषि शाखा | |
| ५३ | रमेश कुँवर थापा मगर | कृषि अधिकृत | कृषि शाखा | |
| ५४ | तारा प्रशाद रुम्ली | चालक | स्वास्थ्य शाखा | |
| ५५ | सुशिल आचार्य | ना.प.स्वा.प्रा | पशु शाखा | |
| ५६ | देविका बोहरा | | पशु शाखा | |
| ५७ | | | | |

## आ.व २०८२/८३ को दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मूल मर्म नागरिकको घरदैलोमै सिंहदरबारको जग बसाल्नु र स्थानीय तहलाई अधिकारसम्पन्न बनाई जगैदेखि विकासको सुरुवात गर्नु हो। यसै संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका जिम्मेवारीहरूको जगमा उभिएर त्रिवेणी गाउँपालिकाले आफ्ना नागरिकहरूको चौतर्फी विकास र समृद्धिका लागि निरन्तर कार्य गर्दै आएको छ। स्थानीय तह आफैंमा एक स्वायत्त सरकार भएकाले यस गाउँपालिकाले आफ्नो भौगोलिक विशिष्टता, प्राकृतिक स्रोत-साधनको उपलब्धता र मानवीय पूँजीलाई अधिकतम उपयोग गर्दै "समृद्ध र सुखी त्रिवेणी" को संकल्पलाई साकार पार्ने नीति लिएको छ।

कुनै पनि गतिशील संस्था वा स्थानीय सरकारको सफलता र जवाफदेहिता त्यसले सम्पादन गरेका कार्यहरूको नियमित समीक्षा, पारदर्शी मूल्याङ्कन र नागरिकसमक्ष गरिने सार्वजनिकिकरणमा निर्भर रहन्छ। चालु आर्थिक वर्षको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई सफलतापूर्वक कार्यान्वयन गर्ने सिलसिलामा गाउँपालिकाले आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासका क्षेत्रमा अनेकन प्रयासहरू अगाडि बढाएको छ। सीमित स्रोत र साधन, भौगोलिक विकटता, प्राविधिक जनशक्तिको न्यूनता जस्ता चुनौतीहरूका बीच पनि स्थानीय जनअपेक्षा र आवश्यकतालाई प्राथमिकतामा राखी सञ्चालित योजनाहरूको समष्टिगत स्वरूप नै यो प्रतिवेदन हो।

यसै सन्दर्भमा, चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा हासिल भएका भौतिक तथा वित्तीय प्रगति, नीतिगत एवं प्रणालीगत सुधार, सेवा प्रवाहमा आएको गुणात्मक परिवर्तन र जनसहभागिताका उदाहरणीय उपलब्धिलाई लिपिबद्ध गर्दै यो दोस्रो **दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन** तयार गरिएको छ। यस प्रतिवेदनमा गाउँपालिका मातहतका विभिन्न विषयगत शाखाहरू (जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, पूर्वाधार विकास आदि) र वडा कार्यालयहरू मार्फत सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहको विस्तृत लेखाजोखा प्रस्तुत गरिएको छ।

यो प्रतिवेदनले केवल विगतका सफलता र तथ्याङ्कहरूलाई मात्र उजागर गर्दैन, बरु योजना कार्यान्वयनका क्रममा देखा परेका व्यावहारिक कठिनाइ, नीतिगत अस्पष्टता र सिकाईहरूलाई समेत इमानदारिताका साथ आत्मसाथ गरेको छ। अन्ततः यस दस्तावेजले गाउँपालिकाको वर्तमान वस्तुस्थितिको ऐनाको रूपमा काम गर्दै आगामी वर्षहरूका लागि थप व्यावहारिक, नतिजामुखी, जनमुखी र दिगो विकास रणनीति तय गर्नका लागि भरपर्दो मार्गनिर्देशक (Guideline) को भूमिका खेल्ने विश्वास लिइएको छ।

## क) शिक्षा शाखा

- माध्यमिक र आधारभूत गरि ११ वटा विद्यालयहरूमा नमूना कक्षा प्रदर्शन र कक्षा अवलोकन कार्यक्रम सम्पन्न भएको ।
- माध्यमिक र आधारभूत तहका IT स्रोत शिक्षकहरूलाइ ५ दिने क्षमता विकास तालिम संचालनमा रहेको ।
- गाउँपालिका स्तरीय रोस्टर शिक्षक द्धारा आधारभूत तह (१-५) सम्म संचालित १६ वटा विद्यालयको मेन्टरिङ ,नमूना कक्षा प्रदर्शन, कक्षा अवलोकन तथा सुपरीवेक्षण र पृष्ठपोषण कार्यक्रम सम्पन्न ।
- वालवालिकाको प्रारम्भिक अपाङगता पहिचान सम्वन्धी २ दिने अभिमुखिकरण तालिम सम्पन्न ।
- कक्षा १-३ का लागि गणितिय सिप सम्बन्धी सिकाइ सामाग्री छपाइ तथा वितरण गरिएको ।
- कोभिड-१९ वाट शैक्षिक क्षति न्यूनिकरण गर्न सिकाइ आपूरण तथा द्रुत सिकाइ सम्बन्धी २ दिने तालिम सम्पन्न ।
- विद्यालयका लागि पहिलो र दोस्रो किस्ता दिवाखाजा वापतको रकम, पाठ्यपुस्तक, इन्टरनेट शुल्क, छात्रबृत्ति, प्रति विद्यार्थि अनुदान, अडिट व्यवस्थापन खर्च र कार्यालय संचालन खर्च निकासा भइसकेको।
- छैठौ अध्यक्षकप तथा राष्टपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता समपन्न भएको ।
- अपाङगता सम्वन्धि शिक्षा कल्स्टर समिति गठन गरिएको ।

## ख) स्वास्थ्य शाखा :

- स्वास्थ्य संस्थाहरूमा श्रावण देखि ७३९२ जना नयाँ बिरामिहरूको उपचार गरिएको ।
- १३० पटक खोप क्लिनिक संचालन गरिएको ।
- स्तनपान सप्ताह मनाउने कार्य सम्पन्न गरिएको । गाउँपालिका र जिल्ला स्तरीय वार्षिक समिक्षा बैठक सम्पन्न भएको ।
- निशुल्क रेबिज विरूद्धको खोप संचालन गरि ९० जनालाइ सेवा प्रदान गरिएको ।
- न्यूनतम सेवा मापदण्ड कार्यक्रम सरीकोट र काभ्रा स्वास्थ्य चौकिमा सम्पन्न गरिएको ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालनमा रहेको ।
- काभ्रा र त्रिवेणी स्वास्थ्य चौकिमा कान शिविर सञ्चालन गरि ३४४ जनालाइ सेवा प्रदान गरिएको ।
- कोभिड १९ विरुद्धको बुस्टरडोज लगाउने कार्य भएको ।
- ल्याव सेवालाइ स्तरोन्नती गरिएको ।
- HIV संकमितलाइ पोषण तथा यातायात खर्च उपलब्ध गराइएको ।

भूमि बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

- एच.पि.भि खोप अभियान संचालन गरि ७६९ जना किशोरीहरूलाइ खोप लगाइएको ।

## ग) कृषि शाखा :

- गाउँपालिका स्तरिय कृषि विकास समितिको बैठक १ पटक सम्पन्न भैसकेको छ । बैठकबाट बिभिन्न कार्यक्रमका प्रस्तावहरु छनौट गर्ने काम भएको ।
- गाउँपालिका स्तरिय रासायनिक मल व्यवस्थापन समितिको बैठक २ पटक सम्मपन्न भैसकेको ।
- आकस्मिक बाली संरक्षण तथा प्लान्ट क्लिनिक संचालन कार्यक्रम अन्तरगत बालीनालीमा लाग्ने विभिन्न किसिमका रोग तथा किरा नियन्त्रण गर्न विषादि खरिद गरि वितरण कार्य भैरहेको छ ।हाल सम्म २१४ जना कृषकहरुलाइ सेवा दिएको ।
- कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तरगत १२ वटा समूह/सहकारी/फर्महरु मार्फत सम्झौता गरि ११ वटा मिनिटिलर र ६ वटा कम्वाइल मिल खरिद कार्य सम्पन्न भैसकेको छ । र भुक्तानीको चरनमा रहेको ।जसमा १७ जना कृषक लाभान्वित भएका।
- खाद्यान्नवाली प्रवर्द्धन कार्यक्रम अन्तरगत गहुको मुल बिउ ८०० के जी बिउ १३३ रोपनी जग्गामा विजबृद्धि भएको र १५०० के जी उन्नत विउ २५० रोपनी जग्गामा गहुँको क्षेत्र विस्तार गर्ने काम भएको छ ।जसमा ७५ जना कृषक लाभान्वित भएको।
- प्राङ्गारिक मल उत्पादन कार्यक्रम अन्तरगत सहकारी र फर्म मार्फत ८० के जी गड्यौला वितरण भएको छ जसमा १० जना कृषकहरुले भर्मिक मल उत्पादनको लागि गड्यौला पालन गरेको ।
- व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम अन्तरगत विभिन्नबालीका उन्तन तथा हाईब्रिड विउ वितरण भएको जम्मा २५० जना कृषकहरुले व्यवसायिक तरकरी खेति भैरहेको ।
- फलफूल प्रवर्द्धन कार्यक्रम अन्तरगत २ वटा समूह मार्फत सिंचाइ पोखरी र फलफूल काँटछाँटका सामाग्री खरिद कार्य सम्पन्न भै भुक्तानी भैसकेको ।
- वाली वस्तु ढुवानी कार्यक्रम अन्तरगत २ वटा समूह र सहकारी मार्फत २९ क्वीन्टल आलुको विउमा ढुवानी अनुदान दिइएको ।
- कृषि प्रसार,खाद्यसुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम अन्तरगत १०५२ प्याकेट तरकारी उन्नत विउ १०५२ जना हजारदिनका आमाहरुलाइ विउवितरण गरिएको ।
- धान बालीमा १५ वटा क्रप कटिङ गरिएको ।
- गहुँबालीमा १५ वटा क्रपकटिङ गरिएको ।
- कृषिमा मेशिनरी औजार उपकरण मर्मत ५ दिने तालिम सम्पन्न भैसकेको छ । जसमा २९ जना सहभागि भएका ।

## घ) पशुपन्छी विकास शाखा :

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

- पशु सेवा शाखा र सेवा केन्द्रबाट २१३६६ पशुपन्छीहरूको उपचार गरि औषधि वितरण गरिएको ।
- पशुपन्छीको खोप कार्यक्रमबाट पशुपन्छीलाई आवश्यक खोप खरिद गरि बाख्रामा पिपिआर खोप २०००० डोज, कुखुराम रानिखेत गम्बारो खोप ४३५५० डोज, २५० कुकुरहरूमा रेविज खोप सेवा उपलब्ध गराइएको ।
- हिउदे घाँसको बिउ वितरण कार्यक्रमबाट १८६ जना कृषकहरुलाई ६९० केजि जै घाँस, १८० केजि बर्षिम घाँस, १५४ के.जि मकैचरि, १५० के.जि सुडान र ९० लिटर मिनिरल वितरण गरीएको ।
- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तरगत सूचिकृत भएका सहकारीबाट १ करोड ३९ लाख ११ हजार रुपैया बराबरको खसि निर्यात गरिएको ।
- त्रिवेणी १ काभ्रामा बाख्रामा रेविज पुष्टि भएको हुँदा कुकुर र संक्रमित बाख्राको सम्पर्कमा आएका १४ वटा बाख्राहरुमा रेविज बिरुद्धको खोप लगाएको ।
- कृतिम गर्भाधान मिशन कार्यक्रम अन्तर्गत ५६ वटा भैसि, ११ वटा गाइ र २ वटा बाख्रामा कृतिम गर्भाधान सेवा उपलब्ध गराइएको ।
- २ पशु स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न गरी ३५९ जना कृषकहरुका ९११८ पशुपन्छीहरुलाई सेवा उपलब्ध गराइएको।
- गाउँपालिकाको ६ वटै वडाहरुमा बाख्राहरुलाई पि.पि.आर खोप कार्यक्रम संचालन भएको ।
- ५० प्रतिशत अनुदानमा मेशिनरी उपकरण वितरण कार्यक्रममा सम्पन्न भएको ।
- पशु सेवा शाखा र पशु सेवा केन्द्रबाट हालसम्म जम्मा रु. १,३१,७२५ राजस्व संकलन गरि दाखिला गरिएको ।

## ङ) महिला तथा वालबालिका विकास शाखा:

- लैंगिक हिंसा विरूद्रको १६ दिने अभियान अन्तर्गत ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा वक्तित्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको ।
- अन्तराष्टिय अपाङगता दिवसमा अवसरमा सबै विद्यालयहरूबाट तथ्याङक संकलन गरि प्राप्त भएका विवरणका आधारमा १० जना अपाङगता भएका विद्यार्थिहरूलाइ स्कुल व्याग साथै शैक्षिक सामाग्रीहरू वितरण गरिएको ।
- लक्षित वर्गहरूका लागि सिप तथा क्षमता विकास कार्यक्रमबाट ३ वटा वडाहरू क्रमश १,२ र ३ वाट १५ जना विवाहित महिलाहरूका लागि वडा नं १ रिखेमा ३ महिने एडभान्स कटाइ सिलाइ तालिम कार्यक्रम सम्पन्न भएको ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

- बाल विवाह न्यूनिकरणका लागि रणनीति मस्यौदा निर्माण गर्न ६ वटै वडाहरुमा तथ्याकं संकलन र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- ➢ जेष्ठ नागरिक संरक्षण तथा प्रवर्धन सम्बन्धी बृहत कार्यक्रम संचालन गरि ९३८ जना जेष्ठ नागरिकहरूलाइ सम्मान गरिएको साथै उक्त कार्यक्रममा ४७७ जना जेष्ठनागरिकरूहको स्वास्थ्य परिक्षण, १५८ जनाको आँखा चेकजाच, १४७ जना कानजाँच र ३०० जना जेष्ठनागरिकलाइ परिचय पत्र वितरण गरिएको ।
- ➢ ११५ औ अन्तराष्टिय महिला दिवस कार्यक्रम सम्पन्न गरिएको

## च) प्राविधिक तथा योजना शाखा:

- गत आ.व.२०८०/०८१ को जिल्ला स्तरिय तथा पालिका स्तरिय बार्षिका समिक्षा कार्यक्रम सम्पन्न।
- त्रिवेणी गाउँपालिका भित्र संचालित सबै सडक बाटोहरूको मर्मत संभार कार्य सम्पन्न भएको।
- नदिजन्य पदार्थको उत्खनन् संकलन तथा विक्रि वितरण कार्यको ठेक्का कार्य सम्पन्न ।
- सवै वडाहरूमा आयोजना कार्यान्वयको लागि गठित उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्य सम्पन्न गरिएको ।
- चालु आ.व.मा सन्चालन गरिने आयोजना तथा कार्यक्रमको खरिद योजना तयार गरी सोहि खरिद योजना अनुसार कार्य अगाडी बढाइएको ।
- हाल सम्म गाउँपालिका स्तरिय तथा वडा स्तरिय आयोजना अन्तरगत जम्मा १०० वटा आयोजना सम्झौता भएको मध्ये ३४ वटा भुक्तानी भएको र २५ वटा भुक्तानि पक्रियामा रहेको ।
- पालिका तथा वडा स्तरीय ७ वटा समपुरक तथा ठूलायोजनाहरूको टेन्डर प्रकियाद्धारा निर्माण कार्य अगाडि वढाइएको ।
- पञ्चवर्षिय आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा रहेको ।

## छ) गा.पा स्तरिय भुमि आयोग :

- वडा नं. ४ को बुकिचौरमा ३ जनाको निवेदनमा ३ कित्ता जग्गाको नाप जाच सम्पन्न गरि नक्सा तयार गरिएको ।
- वडा नं. ५ को टुनिबोट र कैलेज्यूलामा ५१ जनाको निवेदनमा ७३ कित्ता जग्गाको नाप जाच सम्पन्न गरि नक्सा तयार गरिएको ।
- वडा नं. ६ को लुहाम गिरिटोल र पोखरि ज्यूलामा २७ जनाको निवेदनमा ४४ कित्ता जग्गाको नाप जाच सम्पन्न गरि नक्सा तयार गरिएको ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकामा फिल्ड रेकाङकनको लागि आएका ३ वटा निवेदनमा फिल्ड रेकाङकन कार्य सम्पन्न गरिएको ।
- गाउँपालिकामा भूउपयोग योजना तथा जग्गा वर्गिकरणका लागि पालिकाका ६ वटै वडाहरूमा स्थलगत फिल्ड कार्य सम्पन्न गरि डाटाहरू संकलन गर्ने कार्य गरिएको ।

## ज) पन्जिकरण शाखा :

- आ.व २०८१/८२ को तेस्रो त्रैमासिक सम्म लाभग्राहिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।

## झ) प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम :

- १०० दिने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत वेरोजगार व्यक्तिहरु ५१३० जना मध्ये यस त्रिवेणी गाउँपलिकाको ६ वटै वडाहरुमा जम्मा ८४ जना व्यक्तिहरु विभिन्न आयोजनाहरु निर्माण कार्यका लागि सहभागि भएको ।
- स्थानीय तहको रोजगार सेवा केन्द्र बाटै वैदेशिक रोजगारीका लागि श्रम स्वकृित र पुन: श्रम स्वीकृत दिने कार्य अन्तर्गत हाल सम्म ४५ जना व्यक्तिहरुको पुन: श्रम स्वीकृत कार्य सम्पन्न भएको ।
- वैदेशिक रोजगारीका लागि विदेश गएका व्यक्तिहरुलाइ कुनै समस्या परेमा वा अलपत्र परेमा स्थानीय तहको रोजगार सेवा केन्द्र र वैदेशिक रोजगार वोर्डको सचिवालय, संगको सहकार्यमा आवश्यक सहजिकरण गर्ने प्रक्रिया निरन्तर रुपमा अगि बढिरहेको ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत त्रिवेणी गाउँपालिकाका ६ वटै वडाहरुमा विभिन्न योजनाहरुको निर्माण कार्य संचालन भई रहेको ।उक्त निर्माण कार्यहरुमा १७८ जना श्रमिकहरु रोजगारमा सहभागि भएको ।
- गत आ.व. मा रोजगार व्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका वेरोजगार व्यक्तिहरुको विवरण २०८२।०८३ का लागि नविकरण गरिएको । ६ वटै वाडाहरु बाट प्राप्त वेरोजगार व्यक्तिको आवेदन फारम रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरीएको ।
- वैदेशिक रोजगारीको शिलशिलामा बिभिन्न मुलकमा ज्यान गुमाउने व्यक्तिहरुको परिवार र छोरा छोरीलाई वैदेशिक रोजगार वोर्डको सचिवालयबाट प्रदान गरिने सहायता रकम विभिन्न व्यक्तिहरुले प्राप्त गरेको ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## ञ) लघु उद्यम विकास कार्यक्रम :

- लघु उद्यमिको स्तरोन्नति कार्यक्रम तर्फ १७ जना व्यक्तिहरुलाइ गुडिया तथा खेलौना निर्माण सम्बन्धि सिपविकास तालिम प्रदान गरिएको ।
- नयाँ लघुउद्यमी सिर्जनातर्फ उद्यम विकासका लागि सामाजिक परिचालन गरि कार्यक्रम सम्पन्न भएको।
- उद्यमविकास तालिम सम्पन्न गरि ३० जना लाभान्वित भएका ।
- प्राविधिक सिप विकास तालिम अन्तर्गत ५० दिने आधारभूत कटाइ सिलाइ सिपविकास तालिम सम्पन्न गरिएको ।

## ट) राजस्व शाखा :

- सुत्र मोडयुल पूर्ण रूपमा लगु गरि राजस्व संकलन गरिएको ।
- २०८१ चैत्र मसान्त सम्ममा आन्तरिक राजस्व वाट रकम रू. ३२ लाख ४९ हजार १ सय ९८ रूपैया संकलन भएको ।

## ठ) असल अभ्यास अन्तर्गतका कार्यहरू :

- त्रिवेणी स्वास्थ्य चौकिमा एम.वि.वि.एस डाक्टर तथा ल्याव सेवा सहितको विशेषज्ञ सेवा प्रदान गरिएको ।
- सबै स्वास्थ्य संस्थाहरूमा भरपर्दो एंव सुरक्षित प्रसुति सेवाको व्यवस्था गरिएको ।
- सुत्केरी जाँच घरभेट कार्यक्रम, विभिन्न शिविहरू (आखाँ तथा कान), वालरोग सम्बन्धी सञ्चालन गरिएको ।
- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत प्रति के.जि रू. २० अनुदान प्रदान गरिएको ।
- वजार अनुगमन गरि उपभोक्ता हकहित संरक्षण गरिएको ।
- घुम्ति सेवा मार्फत योजना सम्झौता तथा बैंक खाता संचालन गरिएको ।
- भवन निर्माण आचार संहिता संहिताको पूर्ण पालना गरेर भवन निर्माण गर्नका लागि घरनक्सा पास प्रकृया अगाडि वढाइएको ।
- हाल सम्म १ वटा घर नक्सा पास प्रकृया बमोजिम निर्माण भै रहेको ।
- मध्यकालिन खर्च संरचना, वार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयनमा रहेको ।
- विद्यालय अनुगमन, निरिक्षण तथा आवश्यक सुझाव प्रदान गर्ने गरिएको ।
- लैंगिक हिंसा न्यूनिकरणका लागि विभिन्न अभियानहरू संचालन गरिएको ।
- कर्मचारीहरूको कार्य विवरण, कार्य सम्पादन सम्झौता तयार गरि प्रदान गरिएको ।
- कर्मचारीहरूको पेशागत क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम प्रदान गरिएको ।

के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## ड) शाखागत र वडागत खर्च विवरण :

| बजेट उपशिर्षक | खर्च प्रतिशत | कै. |
|---|---|---|
| वडा नं १ | ८.५७ | |
| वडा नं २ | १०.३६ | |
| वडा नं ३ | १८.२० | |
| वडा नं ४ | ६०.०२ | |
| वडा नं ५ | ५०.७१ | |
| वडा नं ६ | २९.१२ | |
| कृषि शाखा | ५१.१६ | |
| शिक्षा शाखा | ६५.२४ | |
| स्वास्थ्य शाखा | २५.७४ | |
| पशुपन्छी विकास शाखा | ५१.४२ | |
| महिला विकास शाखा | ३७.२४ | |

## ढ) गाउँपालिकको समग्र वित्तिय प्रगति विवरण :

| खर्च शिर्षक | खर्च प्रतिशत | कै. |
|---|---|---|
| चालु खर्च | ५६.३८ | |
| पूजिगत खर्च | २८.२४ | |
| जम्मा खर्च | ४६.८६ | |

## १०. ऐन, नियम, विनियम वा निर्देशिका, कार्यविधिहरुको सूची

| क.सं. | ऐनको नाम | पारित मिति | प्रकाशित मिति |
|---|---|---|---|

[signature] क.सी.
प्रमुख प्रशासकीय अधिकृत